# कैदी तथा थुनुवालाई स्वास्थ्य विमा कार्यक्रममा आबद्ध गर्ने कार्यविधि २०७९

**प्रस्तावनाः** नेपालको संविधानको धारा ५१को (ज) (१५) मा नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख भएको, स्वास्थ्य बीमा ऐन, २०७४ को दफा (३) को उपदफा ३ मा बृद्वाश्रम, अनाथालय, बालसुधार गृह लगायतका संस्थाहरुमा आश्रित ब्यक्तिलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्नु पर्ने प्रावधान भएकोले देशका विभिन्न कारागारमा रहेका कैदी तथा थुनुवाहरुको स्वास्थ्य बीमा गर्न आवश्यक देखिएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरि स्वास्थ्य वीमा बोर्डले यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**कैदी तथा थुनुवाको स्वास्थ्य विमा कार्यविधि** २०७९" रहेको छ।

(२) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली,२०७५ सम्झनु पर्छ।

(ग) "परिवार" भन्नाले मुद्दाको अन्तिम किनारा भै कारागारमा कैद भुक्तान गरिरहेका वा मुद्दाको पुर्पक्षको लागि थुनामा रहेका ब्यक्तिलाई सम्झनु पर्छ साथै कैदी तथा थुनुवासँगै एउटै स्थानमा रहेका एकापरिवारका सदस्य समेतलाई जनाउँदछ।

(घ) "बिमित" भन्नाले यस कार्यबिधि बमोजिम कारागारमा रहि स्वास्थ्य बीमा कार्यक्रममा आबद्द रहेका योगदान (प्रिमियम) रकम भुक्तानी गरिएका कैदी तथा थुनुवाहरु सम्झनु पर्छ।

(ङ) "व्यक्ति" भन्नाले अदालतबाट अन्तिम फैसला भई कैद भुक्तान गर्न कारागारमा रहेको वा मुद्दा पुर्पक्षको सिलसिलामा छ महिना भन्दा बढी अवधि थुनामा परेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(च) "कारागार" भन्नाले कैदी तथा थुनुवाहरुलाई राख्न स्थापित कारागार कार्यालय सम्झनु पर्छ।

(छ) "बिभाग" भन्नाले कारागार व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ज) "वोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन तथा नियमावली बमोजिम स्थापित स्वास्थ्य बीमा वोर्ड सम्झनु पर्छ ।

## परिच्छेद- २
## कार्यक्रममा आवद्धता

३. **कार्यक्रममा आवद्ध हुनेः** (१) यो कार्यबिधि स्वीकृत भएपछि कारागार व्यवस्थापन विभाग र स्वास्थ्य बीमा वोर्ड बिच कैदी तथा थुनुवाहरुको स्वास्थ्य वीमा गर्ने सम्वन्धमा सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सम्झौता भएपछि कारागार ब्यबस्थापन विभागले वजेटको उपलव्धता अनुसार स्वास्थ्य विमा लागू गर्ने कारागारहरु र कैदी तथा थुनुवाको संख्या तोकि ती कारागारहरुमा रहेका कैदी तथा थुनुवाहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्धता हुने निर्णयको जानकारी वोर्ड र सम्वन्धित कारागारहरुलाई गराउनेछ।

(३) उपदफा (२) बमोजिम जानकारी पाएपछि सम्वन्धित कारागार कार्यालयहरुले स्वास्थ्य वोमा वोर्डले तोके बमोजिमको विवरण भरी वोर्ड वा वोर्डले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(४) स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सम्बन्धित कारागारले नजिकको दर्ता सहयोगी वा अनलाईन (online) माध्यमबाट दर्ता गर्न सक्नेछन ।

(५) तोकिएका कारागारहरुबाट प्राप्त विवरणहरुका आधारमा वोर्डले स्वास्थ्य उपचार बीमाको व्यवस्था गरी परिचयपत्र उपलव्ध गराउनेछ ।

(६) कम्तीमा एक बर्ष कैद अबधि बाँकि रहेको कैदी तथा थुनुवालाई मात्र यस कार्यबिधि अनुसारको स्वास्थ्य उपचार कार्यक्रममा समावेश गरिनेछ ।

४. **स्वास्थ्य बीमा नवीकरणः** (१) कारागारमा रहेका कैदी तथा थुनुवाहरुको बीमालेख नविकरण बिमालेखको म्याद समाप्त हुनु अगावै गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गर्दा अनलाईन वा दर्ता सहयोगी मार्फत गराउनु पर्नेछ।

(३) एक पटक दर्ता भईसकेको कैदी तथा थुनुवाको हकमा कारागार कार्यालयहरुले एकमुष्ट रुपमा नवीकरण गराउन चाहेमा विभागसँग समन्वय गरि निजहरुको बीमा नम्वर सहित बोर्डमा विवरण पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विवरण प्राप्त भएपछि बोर्डले बीमा नवीकरण गरि अवधि खुलेको बीमा परिचयपत्र जारी गर्नेछ ।

५. **बीमाको समाप्ति र खारेजी :** (१) कैदी तथा थुनुवाहरुको बीमा लेखको अवधि समाप्त भएमा वा बीमालेखको अवधि नविकरण नभएमा स्वास्थ्य बीमा समाप्ति भएको मानिनेछ ।

(२)कैदी तथा थुनुवाको मृत्यू भएमा र थुनुवा मुक्त भएमा स्वास्थ्य बीमा समाप्त भएको मानिनेछ ।

## परिच्छेद- ३
## बीमा सेवा सुविधा

६. **योगदान रकम** (१) बीमा गरिएका कैदी तथा थुनुवाहरुको विमालेख वापतको रकम कारागार व्यवस्थापन विभागले स्वास्थ्य विमा बोर्डलाई उपलव्ध गराउनेछ।

(२) उपदफा (१) वमोजिम विमालेख जारी भएका कैदी तथा थुनुवाहरुको बीमा योगदान रकम प्रति परिवार रु ३५००।-(पैतिस सय) तोकिएको छ ।

यस दफाको प्रयोजनको लागि "परिवार" भन्नाले एकजना कैदी तथा थुनुवाको संख्यालाई जनाउछ ।

तर, कैदी तथा थुनुवा सँगै एउटै स्थानमा रहेका एकापरिवारका सदस्यलाई समेत जनाउँदछ।

७. **सेवा लिने प्रकृयाः** (१) यस कार्यविधि अन्तर्गत विमा गरिएका कैदी तथा थुनुवा वीमितले वोर्डले स्वास्थ्य बीमा कार्यक्रममा तोकिए बमोजिमको सेवा सुविधाहरु प्राप्त गर्नेछ । तोकिएका सेवामा वोर्डले थपघट गरेमा सोही बमोजिम हुनेछ ।

(२) यस कार्यविधि वमोजिम कैदी तथा थुनुवाहरुलाई उपलव्ध गराइने विमाङ्क रकम वोर्डको ऐन तथा नियमावलीले तोके वमोजिम हुनेछ । तोकिएको रकममा स्वास्थ्य बीमा बोर्डले थपघट गरेमा सोही वमोजिम बिमाङ्क रकम कायम हुनेछ ।

(३) सेवा प्राप्त गर्न बोर्डबाट तोकिएका अस्पतालका चिकित्सकको सिफारिस आवश्यक पर्नेछ । वोर्डले उपचार गर्ने स्वास्थ्य संस्थाको सुचिमा कैदी तथा थुनुवाको लागि सञ्चालित केन्द्रीय कारागार अस्पताल र कारागार मार्फत संचालनमा रहेको अस्पताल समेत समावेश गर्नेछ।

(४) कारागारको आफ्नै अस्पताल नभएको खण्डमा कारागार नजिक रहेको प्रा.स्वा.के., आधारभूत वा नगर अस्पताल, जिल्ला अस्पताल वा अन्य सरकारी अस्पताललाई प्रथम सेवा विन्दु तोकिनेछ।

(५) यस कार्यक्रममा आबद्द भएका कैदी तथा थुनुवा एक स्थानबाट अर्को स्थानमा सरुवा भएमा निजले विमाको म्याद भएको अवधिसम्म वोर्डबाट तोकिएका स्वास्थ्य सँस्थाहरुबाट उपचार सुबिधा प्रयोग गर्न पाउनेछ ।

(६) कैदी बन्दीलाई एक स्थानबाट अर्को स्थानमा स्थानतरण हुँदा नियमानुसार नयाँ स्थानमा तोकिएको स्वास्थ्य संस्थामा प्रथम सेवा बिन्दुको रुपमा स्थान्तरण गरिनेछ।

(७) यस कार्यविधिमा नतोकिएका अन्य विषयहरु वोर्डले परिवार स्वास्थ्य बीमा कार्यक्रममा व्यवस्था गरे वमोजिम हुनेछ ।

८. **योगदान रकम भुक्तानी सम्वन्धी व्यवस्था:** (१) स्वास्थ्य बीमा वोर्डले कैदी थुनुवालाई उपलव्ध गराएको परिचयपत्रको नामनामेसी र सख्याको विवरण कारागार व्यवस्थापन विभागमा पठाएपछि १५ दिन भित्र ती विमितको योगदान रकम स्वास्थ्य बीमा वोर्डलाई एकमुष्ट भुक्तानी दिनेछ ।

(२) उपदफा (१) वमोजिम योगदान रकम प्राप्त भए पश्चात बोर्ड मार्फत बिमितको सूचिकृत गरिनेछ।

(३) परिचयपत्र सूचिकृत भएको समय चक्र अनुसार कैदी तथा थुनुवाहरुको स्वास्थ्य बीमा सुबिधा लागू हुनेछ । बीमा अवधि वाँकि रहदै निजलाई पाँउने सुविधावाट वन्चित गरिने छैन।

## परिच्छेद-४
## समन्वय

९. **विभिन्न कारागारहरुसँग समन्वयः** विभागले तोके बमोजिमका कारागारहरुका कैदी तथा थुनुवाहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउने कार्यमा वोर्डको सम्बन्धित निकायसंग सम्बन्धित कारागार शाखाले समन्वय गर्नेछ।

१०. **समन्वय समिति गठनः** (१) कैदी तथा थुनुवालाई स्वास्थ्य बीमामा आवद्ध गर्ने, सेवा सहुलियत दिने, बीमाको नवीकरण गर्ने लगायतका विषयमा आवश्यक नीतिगत सुझाव दिन, समस्या समाधान गर्न, बीमामा आवद्ध हुने प्रक्रिया सरलीकरण गर्ने जस्ता विषयमा समन्वय गर्न केन्द्रमा देहाय वमोजिमको एक समन्वय समिति गठन हुनेछ;

क) प्रमुख, नीति तथा योजना शाखा, स्वास्थ्य वीमा बोर्ड -संयोजक

ख) निर्देशक, वन्दी प्रशासन शाखा, कारागार व्यवस्थापन विभाग - सदस्य

ग) स्वास्थ्य तथा जनसख्या मन्त्रालयको उपसचिवस्तरको प्राविधिक प्रतिनिधि - सदस्य

(२) उपदफा (१) मा उल्लेख भएको समितिले कैदी तथा बन्दीहरुलाई सहज रुपमा स्वास्थ्य उपचारका लागि आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नेछ

## परिच्छेद-५

## विविध

**११.कार्यविधिमा संशोधनः** वोर्डले यस कार्यविधिमा सम्बन्धित पक्षसंगको समन्वयमा आवश्यक संशोधन गर्न सक्नेछ।

**१२.बाधा अडकाउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयन गर्नमा कुनै बाधा अडकाउ पर्न आएमा बोर्डले कारागार व्यवस्थापन विभागसंगको समन्वयमा निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।